# राष्ट्रिय सूचना आयोग

## का.म.न.पा.-१० (देवीनगर) काठमाडौँ

प. सं. ०७८/७९
च. नं.

## दिगो विकास लक्ष्य : सूचनामा पहुँचको अवस्था र कार्यदिशा विषयक राष्ट्रिय विचार गोष्ठि सम्बन्धी प्रेस विज्ञप्ती

नेपालको संविधानमा सूचनाको हकलाई महत्वपूर्ण मौलिक हकका रुपमा स्वीकार गरिएको छ। सबैधानिक व्यवस्थाको कार्यान्वयनका लागि सूचनाको हकसम्बन्धी ऐन, २०६४ जारी भई कार्यान्वयनमा रहेको छ । सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्ने कामका लागि एक स्वतन्त्र राष्ट्रिय सूचना आयोगको स्थापना भई सक्रिय रहेको छ । नागरिकलाई बलियो बनाए पारदर्शिता कायम हुने र पारदर्शिताले सामाजिक न्याय र विकासको प्रत्याभूति हुने तथा परिणामस्वरुप राज्य बलियो हुने मान्यतास्वरुप सूचनाको अधिकार विश्वव्यापी रुपमा स्वीकार्य बन्दै गएको छ । संयुक्तराष्ट्र संघको महासभाले १५ अक्टोबर २०१९ मा सप्टेम्बर २८ लाई प्रत्येक बर्ष सूचनामा सर्वव्यापी पहुँच सम्बन्धी अन्तराष्ट्रिय दिवसका रुपमा मनाउने गरि निर्णय गरेको छ। संयुक्त राष्ट्रसंघले घोषणा गरेको दिगो विकास लक्ष्यको सूचकाङ्कमध्ये १६.१०.२ मा सूचनाको हकसम्बन्धी सूचकाङ्क रहेको छ । यस दिवसका अवसरमा आयोगले आज दिगो विकास लक्ष्य : सूचनामा पहुँचको अवस्था र कार्यदिशा विषयक राष्ट्रिय बिचार गोष्ठिको आयोजना गरेको थियो ।

गोष्ठीको उद्घाटन गर्दै राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सिनाले सूचनाको हक  नागरिकका लागि अत्यन्त महत्वपूर्ण रहेको, सूचनाका पहुँच हुँदा नागरिकका लागि हुने कार्यक्रमहरुका बारेमा जानकारी हुने र सार्वजनिक निकायलाई जिम्मेवार बनाउने बताउनु भएको थियो। साथै राजनैतिक दलहरुलाई सूचनाको हकमा पनि जिम्मेवार बनाउन सकिने भन्दै दिवसका अवसरमा सबैलाई शुभकामना व्यक्त गर्नुभएको

थियो । साथै प्रमुख अतिथि राष्ट्रिय सभाका अध्यक्षबाट सूचनाको हकका क्षेत्रमा वितरण गरिने विनय कसजु उत्कृष्ट अभियन्ता पुरस्कार, उत्कृष्ट सूचना अधिकारी पुरस्कार र आयोगका उत्कृष्ट कर्मचारीहरुलाई पुरस्कार वितरण गर्नुभएको थियो । सोही अवसरमा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष विश्वनाथ पौडेलले सूचनाको हकको महत्वमा जोड दिदै सूचनाको हकको अभावमा सरकारले गर्ने खर्च तथा वितरण गर्ने भत्ता लगायत दुरुपयोग हुने सम्भावनातर्फ ध्यानाकर्षण गराउँदै सूचना पहुँच सम्बन्धी सूचकांङ्क प्राप्त गर्नुपर्ने बताउनुभयो ।

नेपाल पत्रकार महासंघका सभापति विपुल पोखरेलले सूचना माग्ने र दिने संस्कृतिको विकास गरिनुपर्ने, सूचनाको हकले लोकतन्त्र बलियो बनाउन मद्दत पुग्ने बिचार व्यक्त गर्नुभयो । कार्यक्रममा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव डा. बैकुण्ठ अर्यालबाट डिजिटल साक्षरताबाट सूचनाको हक कार्यान्वयनमा थप मद्दत पुग्ने कुरा व्यक्त गर्नुभयो । आयोगका सचिव भागिरथ पाण्डेयले कार्यक्रममा स्वागत मन्तव्य व्यक्त गर्नुभयो ।

कार्यक्रममा अध्यक्ष प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरुङ्गले मौलिक हकको रुपमा रहेको सूचनाको हकबाट लोकतान्त्रिक पद्दतीमा विकास गर्न सहयोग पुग्ने तथा यस कार्यक्रमबाट सबैलाई सूचनाको हकको क्षेत्रमा अझ सशक्त भएर लाग्न प्रेरित गरोस भन्ने शुभकामना व्यक्त गर्दै प्रथम सत्रको कार्यक्रम समापन गर्नुभयो ।

यसैगरी कार्यक्रमको दोस्रो सत्रमा सूचना आयुक्त रत्नप्रसाद मैनालीबाट दिगो विकास लक्ष्य र सूचना पहुँच विषयक कार्यपत्र प्रस्तुतिको क्रममा दिगो विकासको लक्ष्य प्राप्तिको लागि राजनीतिक तथा प्रशासनिक नेतृत्व दुबैको भूमिका महत्वपूर्ण हुने बिचार व्यक्त गर्नुभयो । त्यसैगरी नेपाल पत्रकार महासंघका पूर्व अध्यक्ष तारानाथ दाहालज्यूबाट कार्यपत्र प्रस्तुतिका क्रममा सूचनाको हक विकासको महत्वपूर्ण औजार हो । सोको लागि राष्ट्रिय लक्ष्य, राष्ट्रिय कानून र कार्यान्वयन पक्ष बलियो हुनुपर्ने कुरा बताउनुभयो । पूर्व सूचना आयुक्त यशोदादेवी तिम्सिनाले कार्यपत्र प्रस्तुति क्रममा सूचना लिने र दिने संस्कृतिको विकास गरौ, सूचनाको

हकलाई प्रभावकारी प्रचलन गराउन कानूनको कार्यान्वयन पक्ष बलियो बनाउने बिचार गर्नुभयो । राष्ट्रिय योजना आयोगका सदस्य सचिव केवल प्रसाद भण्डारीले कार्यपत्र प्रस्तुतिका क्रममा सूचनाको सही र प्रभावकारी प्रयोग भएको खण्डमा दिगो विकास लक्ष्य प्राप्ति गर्न सहज हुने कुरा बिचार व्यक्त गर्दै सूचनामा पहुँच सम्बन्धी सूचकाङ्क प्राप्तिका लागि काम गर्न तयार रहेको विचार व्यक्त गर्नुभयो ।

उक्त कार्यपत्र उपर सहभागिहरुको तर्फबाट डा. मुन्ना कुमार कुशहवा, उमिद वागचन्द, अजय कुमार शाह र शैलेन्द्र कुमार महतो लगायतले स्थानिय तहसम्म सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि सूचना प्राप्त गर्ने सहज बातावरण आयोगले बनाउनुपर्ने जस्ता विषयमा जिज्ञासा राख्नुभएको थियो । उक्त जिज्ञासा उपर राष्ट्रिय योजना आयोगका सदस्य सचिव र प्रमुख सूचना आयुक्तबाट जिज्ञासाको जवाफ दिई कार्यक्रम सम्पन्न भयो । कार्यक्रमको दोस्रो सत्रको अध्यक्षता आयोगका प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरुङ्गले गर्नुभएको थियो ।

कमला ओली थापा

मिति : २०७८ असोज १२, मंगलबार

सूचना आयुक्त तथा प्रवक्ता

काठमाडौं ।